लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)

निमित्त डिभिजनल वन अधिकृत

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सुचना

**तेस्रो पटक पुन. सूचना प्रकाशन मिति : २०८३।०३।२६**

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तरगत श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम आ.व. २०८०/०८१, आ.व. २०८१/०८२ मा उत्पादन भई रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित निम्न परिमाणको प्रदेश सरकार तर्फको गोलिया काठ दाउरा र जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना **गोरखापत्र राष्ट्रिय पत्रिकामा तेस्रो पटक पुन. प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालय तथा वन निर्देशनालय, रुपन्देहीबाट बोलपत्र खरिद गरी १६औं** दिन दिनको १:०० बजे सम्मको समयमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

१) **वन पैदावारको विवरण :**

| लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फि/चट्टा) | राजश्व | न्यूनतम | संकलन खर्च | घाङ न. |
|---|---|---|---|---|---|---|---|---|
| लट ४ ०८१/०८२ | साल | A | १० | १७५.१० | १२५० | २१८८७५ | १८४.८५ प्रति क्युफिट | C1S1-5 (9,15) (2080) repeat |
| | साल | B | ४९ | ४७२.२ | ९०० | ४२४९८० | | |
| | साल | C | १३२ | ५३५.८७ | ६०० | ३२१५२२ | | |
| | साल | D | २९ | ९१.९९ | ३०० | २७५९७ | | |
| | साल | दाउरा | चट्टा | ३ | १२००० | ३६००० | १२५५६ | |
| | जम्मा | | २२० | १२७५.२ | | १०२८९७४ | | |
| लट ९ ०८२/०८३ | अस्ना | A | १२ | १९७.६४ | ४०० | ७९०५६ | प्रति क्यु.फि. रु.१५०। | c1s1-1-35 c3s2-1-28 (2081) repeat |
| | अस्ना | B | २६ | ३२९.८४ | ३०० | ९८९५२ | | |
| | अस्ना | C | ८५ | ४२८.७६ | १०० | ४२८७६ | | |
| | साल | C | १ | ४.२४ | ६०० | २५४४ | | |
| | साल | D | २ | १२.८९ | ३०० | ३८६७ | | |
| | जिंगड | | ५ | १८.२ | १०० | १८२० | | |
| | प्यारी | | २ | ७.६७ | १०० | ७६७ | | |
| | जम्मा | | १३३ | ९९९.२४ | | २२९८८२ | | |
| लट १२ ०८२/०८३ | साल | B | ५ | ४४.७५ | ९०० | ४०२७५ | प्रति क्यु.फि रु.१५०। | c1s1-1 37 (2081) repeat |
| | साल | C | ५७ | २७९.४३ | ६०० | १६७६५८ | | |
| | साल | D | ६१ | २८६.१६ | ३०० | ८५८४८ | | |
| | जम्मा | | १२३ | ६१०.३४ | | २९३७८१ | | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।०४।०८ (ख) समय : कार्यालय समय भित्र

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।०४।११ (ख) समय : दिउसो १ बजे सम्म

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)

३) बोलपत्र डिभिजन वन कार्यालय, नवलपरासी र वन निर्देशनालय, बुटवलबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि.का., नवलपरासीको नाममा राष्ट्रिय वाणिज्य बैंक परासीमा रहेको धरौटी खाता नं. ३१००१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फारम प्रति लटको दश लाख सम्मको रु. १०००। र दश लाख भन्दा माथि रु.२०००। पछि फिर्ता नहुने गरी यस कार्यालयको बैंक खातामा जम्मा गरी खरिद गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्वी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू दाखिला भएको भोलि पल्ट दिनको २:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **१० (दस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बन्धित कार्यालयमा सुरक्षित रहने छ ।

१५) अन्य कुराको हकमा प्रचलित ऐन, कानुन, नियम, निर्देशिका बमोजिम हुने छ ।

१६) सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत : अमान्य हुनेछ ।

## मालपोतको सेवा प्रवाहले स्थानीय हर्षित

बाजुरा समाचारदाता
बाजुरा, असार २५ गते

बाजुराको पूर्वी उत्तर क्षेत्रमा रहेको कोल्टीमा स्थापना गरेको मालपोत कार्यालयको दैनिक दिने गरेको सेवा प्रवाहले यहाँका स्थानीय निकै खुसी भएका छन्। २०८३ वैशाख १ गतेदेखि बुढीनन्दा नगरपालिका–२ को कोल्टीमा इलाका प्रशासनसँगै मालपोत र नापी कार्यालय पनि स्थापना भएका थिए।

जग्गाजमिनको कारोबारका लागि मार्तडीमा पन्ध्रौंसम्म लाइन बस्ने गरेका दुर्गमका स्थानीयले पछिल्लो समय गाउँबस्तीमै सरल सहज रूपमा मालपोतले सेवा दिन थालेपछि उनीहरू निकै खुसी बनेका हुन्। इलाका प्रशासन कार्यालय कोल्टी स्थापना भएकै दिनमा नागरिकको सेवा प्रवाह सुरु गर्दै आए पनि मालपोतको भने कार्यालय व्यवस्थापनको ढिलाइका कारण गत जेठ १ गतेदेखि मात्र सेवा प्रवाह गर्न थालेको मालपोत कार्यालय कोल्टीले जनाएको छ।

बुढीनन्दा नगरपालिका–३ का स्थानीय अनोज बोहोरा भन्नुहुन्छ, "विगतमा नागरिकता, जग्गाजमिनको काम गर्न चार दिन लगाएर सदरमुकाम मार्तडीमै जानुपर्ने समस्या थियो। अहिले त्यो काम गाउँमै हुन थालेपछि निकै खुसी लागेको छ।" उहाँ भन्नुहुन्छ, "गाउँमै सेवा पाएको छ। अब मार्तडी जानु पर्दैन। कुनै पनि काम लिएर मार्तडी पुग्दा कम्तीमा १५ हजार रुपियाँ खर्च हुन्थ्यो। अहिले त्यो खर्च पनि जोगिएको छ, एकै दिनमा काम सकेर घर फर्कन सकिन्छ।"

मालपोत कार्यालय कोल्टीका प्रमुख देवराज नाथ भन्नुहुन्छ, "गत जेठ १ गतेदेखि अहिलेसम्म २६ जनाले जग्गा राजीनामा, नौ जनाले जग्गा नामसारी, तीन जनाले रोक्का र तीन जनाको फुकुवा गरेका छन्।" कार्यालय आउने गरेका सेवाग्राहीले अहिले खासै लाइनमा बस्नु परेको छैन।

### बजेटमाथि छलफल

# 'दोहोरिएका योजना सरेन्डर गर्न सकिन्छ'

धनगढी समाचारदाता
धनगढी, असार २५ गते

सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको बजेटमा केही त्रुटि देखिएको उल्लेख गर्दै त्यसलाई आफू र मुख्यमन्त्रीले महसुस गरेको बताउनुभयो। उहाँले केही योजना दोहोरिएका र केही योजना १० लाख रुपियाँभन्दा तलका पनि परेको उल्लेख गर्दै त्यसलाई रोक्न र दोहोरिएकालाई 'सरेन्डर' गर्न सकिने बताउनुभयो। प्रदेश सभामा बिहीबारबाट सुरु भएको बजेटमाथिको सामान्य छलफलका क्रममा उठेका विषयमा जवाफ दिँदै उहाँले यस्तो बताउनुभएको हो।

मन्त्री धामीले भन्नुभयो, "बजेटमा हामीले के के कुरा कार्यान्वयन गर्ने, के नगर्ने भन्ने कुरामा व्यापक छलफल गर्न सकिन्छ। अर्थमन्त्रीका रूपमा म यो बजेटको पूर्ण जिम्मा लिन्छु।"

सार्वजनिक गरेको बजेट सत्तापक्षबाटै आलोचित बनेको छ। प्रदेश सभामा बिहीबारबाट सुरु भएको बजेटमाथिको सामान्य छलफलमा सत्तापक्षकै प्रदेश सभा सदस्यले बजेटको आलोचना गरेका हुन्। सभा सञ्चालन दल नेपाल कम्युनिस्ट पार्टी नेकपा (एमाले) का प्रमुख सचेतकसमेत रहनुभएका प्रदेश सभा सदस्य चक्रबहादुर मल्लले विकासको भूमण्डलका आधारमा नभई मनपरी ढङ्गबाट बजेट निर्माण भएको टिप्पणी गर्नुभयो।



तस्बिर : अविनाश चौधरी

प्रदेश सभा बैठक।

उहाँले प्रदेश आयोजना छनोटसम्बन्धी मापदण्ड २०८३ तथा प्रदेश सरकारको आव २०८३/८४ को नीति तथा कार्यक्रमको मूल मर्म अनुकूल बजेट आउन नसकेको जिकिर गर्नुभयो। उहाँले भन्नुभयो, "सर्वदलीय सर्वपक्षीय बैठकमा जुन खालको प्रतिबद्धता जाहेर गरेका थियौँ, त्यो अनुकूल यो बजेट आउन सकेन। त्यसै गरी संघीयताको मर्म अनुरूप यो अगाडि बढ्न सकेको छैन।" उहाँले बजेटमा जिल्ला, प्रदेश निर्वाचन क्षेत्र र स्थानीय तहगत सन्तुलन कायम नगरिएको, योजना छनोट मापदण्ड तथा बजेट निर्माण आधारसहित पूर्ण उल्लङ्घन गरेको पनि टिप्पणी गर्नुभयो।

विपद्गत मन्त्रालय एवं मन्त्रीको उपस्थितिमा बजेट निर्माण एवं कार्यक्रम प्रविष्ट नगर्ई अन्यत्र प्रविष्ट गराउने खालका प्रणालीको सुरुवात भएको मल्लको भनाइ छ।

उहाँले बजेट सीमा निर्धारण नगरी कार्यक्रम प्रविष्ट भएको, क्षेत्रगत आयोजनामा विनियोजन सन्तुलन कायम नगरेर असमान वितरण गरेको बताउनुभयो।

त्यस्तै नेपाली कांग्रेसका प्रदेश सभा सदस्य एवं निवर्तमान आर्थिक मामिला राज्यमन्त्री प्रकाशबहादुर बमले सरकारले प्रस्तुत गरेको बजेटमा समर्थन जनाउँदै बजेटमा केही त्रुटि भएका बताउनुभयो। उहाँले प्रदेश सरकारको नीति तथा कार्यक्रमविपरीत २५ लाख रुपियाँभन्दा कमका योजनामा पनि रकम विनियोजन भएको बताउनुभयो। बमले भन्नुभयो, "एक लाख, दुई लाख, तीन लाख र चार लाख रुपियाँका योजना पनि प्रदेशले आफैँले कार्यान्वयन गर्ने गरी पनि रातो किताबमा राखिएको छ।"

आर्थिक मामिला मन्त्रालयद्वारा योजना छनोटको मापदण्ड बनाइए पनि त्यो मापदण्ड अनुसार बजेट विनियोजन नभएको उहाँको भनाइ थियो।

प्रतिपक्षी दलले भने सरकारको बजेटलाई मध्यरातमा औँध्यारो कोठामा बसेर सेटिङ गरिएका योजनाको विकृत पुलिन्दाको संज्ञा दिएका छ। प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टीका संसदीय दलका नेता खगराज भट्टले सरकारको बजेटलाई बजेट भन्ने वा नभन्नेमै आफू अन्योलमा रहेको बताउनुभयो। सरकारले ल्याएको बजेटमा निरर्थक महत्त्वाकाङ्क्षी भएको उहाँको जिकिर छ। उहाँले भन्नुभयो, "करको दायरा विस्तार नगरी करको बोझ लाद्ने प्रवृत्ति यसमा भित्रिएको छ। लगानीमैत्री कर नीतिको अभाव र निजी क्षेत्रलाई निरुत्साहित गर्ने विषय यसमा देखिएको छ।"

सङ्घीय कानुन र संरचनाबीच समन्वयको अभावले दोहोरो कर प्रणालीको मारमा जनता पर्ने अवस्था देखिएको उल्लेख गर्दै उहाँले कर प्रशासनको अवस्थालाई डिजिटल प्रणाली, पारदर्शी र चुहावट नियन्त्रणमा बजेटले कुनै नयाँपन ल्याउन नसकेको टिप्पणी गर्नुभयो। बजेट उत्पादन र निर्यातमा भन्दा उपभोगमुखी कर नीतिमा आधारित रहेका नेता भट्टको भनाइ छ। उहाँले बजेटलाई सुधारेर अगाडि बढाउन सरकारलाई आग्रह गर्नुभयो।

# निजी बोरिङबाट आठ सय परिवार लाभान्वित

कञ्चनपुर समाचारदाता
कञ्चनपुर (कञ्चनपुर), असार २५ गते

कञ्चनपुरमा निजी लगानीमा गाडिएको बोरिङको पानीले दैनिक सयौँ मानिस लाभान्वित बनेका छन्। यहाँको कृष्णपुर नगरपालिका–२ का स्थानीय समाजसेवी सुरेन्द्रबहादुर बमले यस क्षेत्रमा शुद्ध पानीको चरम समस्या समाधानका लागि १५ वर्षपहिले १४ लाख रुपियाँ निजी लगानीमा बोरिङ गाड्नुभयो। शान्ति टोलस्थित महेन्द्र राजमार्गछेउमै गाडिएको बोरिङको पानीले यहाँका करिब आठ सय परिवार र सयौँ यात्रीको प्यास बुझाउँदै आएको छ।

गाउँमा खानेपानीको समस्यालाई दृष्टिगत गर्दै समाजसेवी बमले शुक्लाफाँटा नगरपालिकास्थित व्यवसायी प्रेम विष्टलाई आधा रकम पछि दिने सर्तमा १५ वर्षपहिले १४ लाख रुपियाँ लागतमा बोरिङ गाड्न लगाउनुभयो।

> समाजसेवी सुरेन्द्रबहादुर बमले शुक्लाफाँटा नगरपालिकास्थित व्यवसायी प्रेम विष्टलाई आधा रकम पछि दिने सर्तमा १५ वर्षपहिले १४ लाख रुपियाँ लागतमा बोरिङ गाड्न लगाउनुभएको थियो।

सानै उमेरदेखि यस क्षेत्रमा खानेपानीको चरम समस्या देखेर उहाँमा पनि क्षेत्रको सेवा गर्ने हुटहुटी जाग्यो। उहाँले भन्नुभयो, "उदय प्राथमिक विद्यालयमा कक्षा ५ मा अध्ययन गर्दा नै विद्यालयमा खानेपानीको सुविधा नहुँदा नजिकैका घरमा पानी पिउन जाने गरेका थियौँ। यहाँका स्थानीयले पानी पिउन जाँदा गाली गर्ने, पिउन नदिने गर्दा उपाय नलाग्ने लाग्थ्यो।" जातीय विभेदका कारण दलित जातिका साथीलाई त झन् टाढाबाट ल्याउँदै आएका यहाँका उपल्लो जातिका मानिसले आफूहरूलाई पनि पानी पिउन नदिएपछि विद्यालय छोडेको उहाँ सम्झनुहुन्छ।

परिवारको न्यून आर्थिक अवस्थाका कारण उहाँ सानै उमेरमा रोजगारी गर्न भारतको दिल्ली जानुभयो। पाँच वर्ष दिल्लीमा काम गरेर महेन्द्रनगरस्थित विभिन्न होटेलमा काम गर्नुभएका उहाँले केही वर्षपछि ठेकेदारसँग काम गर्ने अवसर पाएको बताउनुभयो।

त्यसबाट केही आर्थिक अवस्था सुदृढ भएपछि गाउँमै केही गर्ने सोचका साथ यहाँको खानेपानी समस्या समाधान गर्न बोरिङ जडान गर्ने योजना बनाएको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "यही माटोमा केही गरौँ भन्ने सोच बनाएको थिएँ। आफूलाई पनि सहज होस् भन्ने उद्देश्यले बोरिङ गाडेको हुँ।"

उनिसकेर यहाँका स्थानीय खानेपानीको समस्या टार्नका लागि नल्का (चापाकल) बाट आउने पहेँलो पानी पिउन बाध्य थिए। १५ वर्षपहिले राजमार्गको दक्षिणतर्फ पम्पजस्ती पानी आउने सुविधा गरिएपछि यहाँका स्थानीयले आठ वर्ष त यहीँबाट पानी प्रयोग गरेको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "तर उपल्लो जातका भनिएका मानिसले हक जमाउन थालेपछि दलित परिवारको समस्या भने समाधान हुन सकेन।"

मल्कोनजिकै बोरिङ गाडिँदा ब्राह्मण र क्षेत्री परिवारले यहाँ बसोबास गर्दै आएका दलित परिवारलाई पानी छुनसमेत नदिएपछि कलह सिर्जना भयो।

उहाँले त्यस्तो समस्या समाधान गर्न गरेर महेन्द्र राजमार्गको उत्तरी क्षेत्रतिरबाट लामो पाइप बिछ्याएर पानी निकास गर्ने व्यवस्था मिलाएको बताउनुभयो। त्यसका लागि सडक विभागमा ३५ हजार रुपियाँ तिरेर सडक काट्नुका साथै कालोपत्रे सडक पुनः मर्मत गरिएको उहाँको भनाइ छ। त्यसपछि राजमार्गको उत्तरी क्षेत्रमा बोरिङबाट पाइपबाट पन्धा यहाँका स्थानीय तथा यात्रुले भूमिगत पानी प्रयोग गर्दै आएका छन्।

अहिले पनि दलित समुदायका मानिसले पानी भर्न आउँदा ब्राह्मण तथा क्षेत्री परिवारका मानिस नजिक नआउने तथा विभेद गर्दै आएको उहाँको गुनासो छ। स्थानीय अनिता तिरुवाले अझै पनि यहाँका समुदायले आफूहरूलाई दलित भन्दै हेला गर्ने र आफूहरूले पानी भर्ने समयमा नजिक नआउने गरेको बताउनुभयो।

बमले गाड्नुभएको बोरिङ उहाँकै होटेल इटेन पार्कको मातहतमा रहेको छ। पानीको सतह घट्दै गएपछि विगत तीन/चार वर्षयता बोरिङमा न्यून मात्रामा पानी बहने गरेको छ। विगतमा २.५ इन्च पानी बहने गरेकोमा हाल १.५ इन्च मात्रै पानी बहने गरेको छ। पानीको सतह सुक्दै गएपछि हाल समस्या सिर्जिएको छ।

यसैगरी, यामी अरखणीबिन निकिर तथा शान्ति टोलका स्थानीयले राजमार्गछेउमा बोरिङबाट पाँचौँ पन्धा निःशुल्क पानी बहन थालेपछि यहाँको पानी प्रयोग गर्दै आएको स्थानीय निर्मला धामीले बताउनुभयो।

शान्ति टोलका ५८ वर्षीय पार्वतीदेवी बमले जल्कामा बालुवा मिसिएको पानी आउने गरेकाले विगत १४/१५ वर्षदेखि बोरिङको पानीले निकै सुविधा पुगेको बताउनुभयो।

## विपत् प्रतिकार्य योजना अद्यावधिक

धनगढी समाचारदाता
धनगढी, असार २५ गते

कैलालीका स्थानीय तहले मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना अद्यावधिक गरेका छन्। मनसुनजन्य विपत्को बढी सामना गर्दै आएका भजनी नगरपालिका, कैलारी गाउँपालिकालगायतले मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना २०८३ अद्यावधिक गरेका हुन्। जिल्लाको पूर्वी दक्षिणी क्षेत्रमा बाढी, डुबान जस्ता विपत् बर्सेनि आउने गरेको छ।

विपत्बाट हुने जनधनको क्षति न्यूनीकरण एवं खोज, उद्धार तथा प्रभावितलाई व्यवस्थापनका लागि हरेक वर्ष मनसुनअगावै वा मनसुनको सुरुवातमै मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना अद्यावधिक गर्ने गरिएको छ। जिल्लामा सबैभन्दा बढी डुबान र बाढी समस्या भोग्दै आएको भजनी नगरपालिकाले गत जेठमै मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना अद्यावधिक गरिसकेको छ।

सूचना सञ्चार व्यवस्थापन तथा खोज, उद्धारका लागि केही सदस्य तयारीसहित मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना कार्यपालिका बैठकबाट स्वीकृत भइसकेको भजनी नगरपालिकाको वन वातावरण तथा विपत् व्यवस्थापन शाखा प्रमुख विष्णुराज न्यौपानेले बताउनुभयो।

भजनीका नौ वटै वडामा हरेक वर्ष डुबान हुँदै आएको छ। वडा नम्बर १ मा १८५, वडा नं. २ मा सात सय, वडा नं. ३ मा एक हजार, वडा नं. ४ मा ३०५, वडा नं. ५ मा एक हजार ५५ घरपरिवार प्रभावित हुँदै आएको न्यौपानेले बताउनुभयो। यसै वडा नं. ६ मा १५२, वडा नं. ७ मा ३५०, वडा नं. ८ मा एक हजार ११ र वडा नं. ९ मा ५१० घरपरिवार प्रभावित हुने गरेको जनाइएको छ। मोहना, कान्द्रा, काढा, पथरैया नदीबाट यस पालिकाका बस्ती डुबानमा पर्दै आएका छन्।

यसै गरी कैलारी गाउँपालिकाको कार्यालयले पनि यस वर्षको मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना अद्यावधिक गरिसकेको छ। केही दिनअगाडि बसेको कार्यपालिका बैठकले मनसुन पूर्वतयारी तथा विपत् प्रतिकार्य योजना अद्यावधिक गरेको विपत् व्यवस्थापन शाखाका प्रमुख भुवन बस्नेतले बताउनुभयो।

## फेरि बज्न थाले दमाहा

बाजुरा समाचारदाता
बाजुरा, असार २५ गते

बाजुराका अधिकांश गाउँबस्तीबाट प्रायः लोप भइसकेका दमाहा फेरि बज्न थालेका छन्। स्थानीय सरकारले स्थानीय बाजालाई प्रोत्साहन गर्दै नयाँ पुस्तालाई तालिम दिएपछि पुनः दमाहा बज्न थालेका हुन्।

बुढीगङ्गा नगरपालिका–२ का जयराम नेपाली भन्नुहुन्छ, "पहिलेका पुस्ताले गाउँमा विवाह, व्रतबन्ध, पास्नी, मेलाई, विशिष्ट व्यक्तिको स्वागत जस्ता शुभकार्यमा दमाहा बजाउने गरे पनि नयाँ पुस्तामा त्यसमा खासै चासो नदिँदा लोप हुँदै गएका थिए। अहिले स्थानीय सरकारले दमाहा बजाउने सिप सिकाएपछि र त्यसबापत गर्दा पारिश्रमिक पनि मिल्न थालेपछि भने गाउँमा दमाहा फेरि गुञ्जन थालेका छन्।"

पुनाराम नेपालीका अनुसार पहिलेका पुस्ताले गाउँमा दमाहा बाजा बजाएबापत पारिश्रमिकका रूपमा अन्न लिने गर्थे। अहिलेको नयाँ पुस्ताले भने सिप अनुसारको मूल्य माग्ने गर्छन्। उनीहरूले दमाहा बजाएबापत ५० हजारदेखि ५० हजार रुपियाँसम्म लिने गर्छन्। यो बाजा प्रायः यहाँका नेपाली, आउजी, दमाई, नगर्चीलगायतका जातहरूले बजाउने गर्छन्। स्थानीय पालिकाले दमाहा बाजा सिकाउनका लागि पनि रकम विनियोजन गर्न थालेका छन्। स्थानीय कलासंस्कृतिलाई जोगाउन गरेर बजेट विनियोजन गरेको पालिकाले जनाएको छ।

## कैलालीमा रोपाइँ अन्तिम चरणमा

धनगढी समाचारदाता
धनगढी, असार २५ गते

कैलालीमा यस वर्षको रोपाइँ अन्तिम चरणमा पुगेको छ। जेठ अन्तिम सातादेखि सुरु भएको रोपाइँ मनसुनी वर्षा समयमै भएकाले यस वर्ष रोपाइँ सम्पन्न गर्न थालेका हुन्। जिल्लामा रोपाइँ अब सम्पन्न हुने क्रममा रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

कार्यालयका सूचना अधिकारी टेकबहादुर विष्टले यस वर्षको रोपाइँ अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ, "९५ प्रतिशतभन्दा बढी रोपाइँ भइसकेको छ। अब धेरै मात्रामा बाँकी छैन।"


**नेपाल दूरसञ्चार कम्पनी लिमिटेड**
(नेपाल टेलिकम)
पदपूर्ति समितिको सचिवालय
सूचना नं ३७/२०८२-८३

**स्वीकृत नामावली सम्बन्धी सूचना**

गो.प. मा प्रकाशित मिति २०८३/०३/२६

यस कम्पनीको सूचना नं २०/२०८२-८३ र २१/२०८२-८३ अन्तर्गत आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाका लागि प्राप्त दरखास्त फारमको आधारमा स्वीकृत आवेदकहरूको नामावली कम्पनीको वेबसाइटमा प्रकाशित गरिएको व्यहोरा आवेदकको जानकारीका लागि अनुरोध छ। सो सम्बन्धी विस्तृत विवरण कम्पनीको वेबसाइट https://www.ntc.net.np/post/new-career बाट प्राप्त गर्नुहुन अनुरोध छ।

सम्पर्क: ०१-४२१०४१६, ४२१०४७३, ४२१०४१५

**त्रिभुवन विश्वविद्यालय**
**सेवा आयोगको कार्यालय**
कीर्तिपुर

**अधिकृत तृतीय श्रेणीको अन्तर्वार्ता तालिका तथा सहायक द्वितीय श्रेणीको लिखित परीक्षाको नतिजा प्रकाशनसम्बन्धी सूचना**

गोरखापत्रमा प्रकाशित मिति: २०८३/०३/२६

त्रि.वि. सेवा आयोगको कार्यालयबाट मिति २०८१ फागुन ०८ गते प्रकाशित विज्ञापन बमोजिमका अधिकृत तृतीय श्रेणीका विभिन्न पदहरूको अन्तर्वार्ता तालिका तथा लिखित परीक्षामा उत्तीर्ण भएका सहायक द्वितीय श्रेणीका विभिन्न पदहरूको लिखित परीक्षाको नतिजा त्रि.वि. सेवा आयोगको वेबसाइटमा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सहायक द्वितीय श्रेणीको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता तालिका आयोगको वेबसाइटमा पछि प्रकाशित गरिने व्यहोरा जानकारी गराइन्छ।

**काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

तेस्रो पटक पुन. सूचना प्रकाशन मिति २०८३/०३/२६

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तर्गत रहेको श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम उत्पादन भई रामग्राम पाल्हिनन्दन सब डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित प्रदेश सरकारतर्फको साल्ससमेत प्रजातिको ४७६ थानको २८८४.६८ क्यु.फि. गोलिया काठ तथा ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले पुन: यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरिद गरि १६ औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि डिभिजन वन कार्यालय, नवलपरासीमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**पूर्वाञ्चल विश्वविद्यालय**
**चिकित्साशास्त्र सङ्काय**
गोठगाउँ, मोरङ

**VACANCY ANNOUNCEMENT**

प्रथम पटक प्रकाशित मिति: २०८३/०३/२६

पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र सङ्काय गोठगाउँ, मोरङको मातहतमा रहेको पू. वि. शिक्षण अस्पताल तथा पू. वि. स्कूल अफ मेडिसिनका लागि करार सेवामा शिक्षकहरूको पद पूर्ति गर्नुपर्ने भएकाले इच्छुक योग्य नेपाली नागरिकहरूले आफूले प्राप्त गरेको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रहरूको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो तथा तोकिए बमोजिमको दस्तुर सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (अन्तिम दिन बिदा पर्न गएमा सोको भोलि पल्ट) तोकिएको दरखास्त आधिकारिक इमेल (vacancy@pufomas.edu.np) मार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। आवेदन फारम तथा आवेदकले ध्यान दिनुपर्ने विस्तृत विवरण र जानकारी www.pufomas.edu.np बाट प्राप्त गर्न सकिनेछ।

डीन चिकित्साशास्त्र संकाय

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय
जलस्रोत तथा सिँचाइ विभाग
**सुनसरी मोरङ सिँचाइ आयोजना**
विराटनगर, मोरङ

**धरौटी रकम सदर स्याहा गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३।०३।२६)

यस आयोजनामा पुराने धरौटी रहेका फर्महरूको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८ बमोजिम यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र जुन आ.व. को बिल भुक्तानीमा धरौटी रहेको हो सो आ.व. को कर चुक्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर समायोजन पत्र र आ.व. ०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित फिर्ताको लागि माग दाबी पेश गर्नु हुन अन्यथा बेरुजु कायम भएको भए बेरुजु दाखिला गरी बाँकी रकम सोही नियमावलीको नियम ६८ अनुसार सदर स्याहा गरिनेछ। यस आयोजनामा पुराने धरौटी रहेका फर्महरूको धरौटी रकम सहितको विस्तृत विवरण तपसिल अनुसारको Webside मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

जलस्रोत तथा सिँचाइ विभाग https://dwri.gov.np

आयोजना निर्देशक

**भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश**

**नियुक्तिपत्र बुझ्नेसम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति: २०८३।०३।२६)

सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगको मिति २०८३।०२।२६ गतेको सिफारिस पत्रअनुसार, प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे/ज.पा. उपसमूहअन्तर्गत सातौँ तहको पदमा सिफारिस हुनुभएका तपसिल बमोजिमका उम्मेदवारहरूलाई सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ४० को उपनियम (२) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सुदूरपश्चिम निजामती सेवा (पहिलो संशोधन) ऐन, २०७९ को दफा ११क अनुसार तोकिएको ढाँचामा निरोगिताको प्रमाणपत्रसहित स्वयम् उपस्थित भई आफ्नो नियुक्ति पत्र बुझिलिनुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै, तोकिएको म्यादभित्र पनि नियुक्तिपत्र बुझ्न नआएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनामार्फत सूचित गरिन्छ। तपसिल:

१. श्री अभियान निरौला, चापाडाँडोपोखरी-५, पाडनेचौर, रौतहट (प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे)
२. श्री राजेन्द्र राज गिमिरेसम्म, सुनवल-६, आदर्शटोल, नवलपरासी, (प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, ज.पा)

**काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशन मिति २०८३/०३/२६

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) काठ दाउरा लिलामसम्बन्धी मिति २०८३।०२।२९ गते सूचना यस कार्यालयको मिति २०८३।०३।२४ गतेको निर्णयबाट बदर गरी श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम उत्पादन भई रामग्राम पाल्हिनन्दन सब डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित प्रदेश सरकारतर्फको साल समेत प्रजातिको १५४२ थानको १३५५५.७ क्यु.फि. गोलिया काठ तथा ४२ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र खरिद गरी २२ औँ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यससम्बन्धी विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय, नवलपरासीमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**डिभिजन वन कार्यालय भेरी, बाबियाचौर, सुर्खेतको**

**काठ, दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

पहिलो पटक प्रकाशित मिति २०८३/०३/२६

यस डिभिजन वन कार्यालयको कार्यक्षेत्र अन्तर्गत मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गतको बड्डीचौर/ब्लोनी/बाबियाचौर सडकखण्ड अन्तर्गत बराहताल गा.पा.५ स्थित प्लट नं.१, २ र ३ कायम गरिएको रा.व.क्षेत्रमा पर्ने रुखहरू कटान मुछान भई यस डिभिजन वन कार्यालय भेरीलाई हस्तान्तरण भएको उत्पादित बराहताल गा.पा.५ सुर्खेतमा घाटगद्दी गरि राखिएको लट नं.१ को विभिन्न जातको गिण्डा थान १५४ को १२२२.४४ क्यु.फि.काठ, लट नं.२ को विभिन्न जातको गिण्डा थान १३२ को १५०४.६८ क्यु. काठ, लट नं.३ को विभिन्न जातको गिण्डा थान १३१ को १४६५.३८ क्यु.फि.काठ, लट नं.४ को विभिन्न जातको गिण्डा थान १२४ को १४७३.४२ क्यु.फि.काठ, लट नं. ५ को विभिन्न जातको गिण्डा थान ७१ को ६४०.४७ क्यु.काठ र लट नं. ६ को १९.६ चट्टा दाउरा जे जस्तो अवस्थामा छ आफ्नै खर्चमा उठाई लैजानका लागि यो लिलाम बिक्रीको सूचना प्रकाशन गरिएको छ। इच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ औँ दिन भित्र कार्यालय समयमा डिभिजन वन कार्यालय भेरी बाबियाचौर, सुर्खेतबाट बोलपत्र खरिद गरी २२ औँ दिन दिनको १२.०० बजे भित्र शिलबन्दी बोलपत्र श्री डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत सूचनाका लागि श्री डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना डिभिजन वन कार्यालय भेरीको सूचनापाटीमा टाँस गरिएको छ।

**चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको दरखास्त आह्वानसम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/२६)

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ को उपदफा (६) बमोजिम चिकित्सा शिक्षा आयोगको मापदण्ड तथा प्रत्यायन निर्देशनालय, योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय, परीक्षा निर्देशनालय र नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा "चिकित्सा शिक्षा आयोगको निर्देशक पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोटसम्बन्धी कार्यविधि, २०८३" अनुसार तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ।

यससम्बन्धी विस्तृत विवरण चिकित्सा शिक्षा आयोगको वेबसाइट https://www.mec.gov.np/np मा हेर्न सकिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर (सम्पर्क नं.०१-६६३९५१५) मा सम्पर्क राख्न सकिने छ।

**त्रिभुवन विश्वविद्यालय**
**बी. पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र**
महाराजगञ्ज, काठमाडौं।

**पदपूर्ति सम्बन्धी सूचना**

गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति: २०८३।०३।२६ गते

यस बी. पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका लागि आवश्यक चिकित्सा शास्त्र अध्ययन संस्थान, कार्यान्वयन समितिको स्वीकृत दरबन्दीमा तपसिल बमोजिमका पदहरू करार सेवामा पूर्ति गर्नु पर्ने भएकोले सम्बन्धित विषयमा आवश्यक न्यूनतम योग्यता पुगेका नेपाली नागरिकहरूले मिति २०८३ श्रावण २८ गते कार्यालय समय भित्र फाराम भरि सक्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुने छैन। विस्तृत जानकारीका लागि यस केन्द्रको प्रशासन शाखा वा केन्द्रको आधिकारिक वेबसाइट www.bpklcos.edu.np मा हेर्न सकिने छ। तपसिल

| सि.नं | पद विवरण | योग्यता | संख्या |
|---|---|---|---|
| १ | अप्टोमेट्री अधिकृत | सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। | १ |
| २ | मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) | प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ विषय लिई १०+२ वा सूचना प्रविधि कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सूचना प्रविधि शिक्षा मध्ये कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको। | १ |

पदपूर्ति समिति